# सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी(बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८२/०८३
च.नं.:

सूचना प्रकाशित मिति:२०८२/०६/०८

**सूचना !** **सूचना !!** **सूचना !!!**

यस सरावल गाउँपालिकाको आ.व. २०८२/८३ मा संघीय सरकारबाट हस्तान्तरित खाद्यान्न वालीको उपयोगमा अनुदान कार्यक्रम(धान, गहुँ) अन्तर्गत ५० प्रतिशत अनुदानमा उन्नत जातको(बाणगंगा, बोर्लक, जिंक-१, भृकुटी) गहुँको विउ वितरण गर्ने कार्यक्रम रहेको हुँदा सो कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक समूह, कृषि फर्म, कृषि सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले १५दिन (२०८२/०६/२२) भित्र तपशिल बमोजिमका कागजातहरु संलग्न राखी सरावल गाउँपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

- निवेदन
- कृषक समूह/ कृषि फर्म/ कृषि सहकारी दर्ता प्रमाण पत्र, स्थायी लेखा नं., कर चुक्ता प्रमाण पत्रको फोटोकपी
- गहुँको विउ माँग गर्ने कृषकहरुको नागरिकताको फोटोकपी
- जग्गाको लालपुर्जाको फोटोकपी
- गहुँको विउ माँग गरेको निर्णयको फोटोकपी

प्रमुख प्रशासकीय अधिकृत

मिति:२०८२/०६/......

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सरावल गाउँपालिकाको कार्यालय
सरावल, नवलपरासी(ब.सु.प.)

विषय: गहुँको विउ उपलब्ध गराई दिनुहुन ।

उपरोक्त सम्बन्धमा यस सरावल गाउँपालिकाको मिति २०८२/०६/०८ गते प्रकाशित सूचना बमोजिम मेरो कृषक समूह/ कृषि फर्म/ कृषि सहकारीलाई तपशिल बमोजिमको गहुँको जात र परिमाणमा गहुँको विउ उपलब्ध गराई दिनुहुनको लागि विनम्र अनुरोध गर्दछु ।

तपशिल

| क्र.सं. | गहुँको जात | लगाउने क्षेत्रफल | परिमाण(के. जी. मा) | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

निवेदकको हस्ताक्षर:
नाम:
ठेगाना:
पद:
सम्पर्क नं.:
समूहको छाप: